खानाका लागि खेतीपाती: हाम्रो साझा संकल्प

# खाना र खेतीपाती वासलात २०८१

(मस्यौदा)




खाद्यका लागि कृषि अभियान, काठमाडौं



# खाना र खेतीपाती वासलात, २०८१


**सम्पादन**
सृजना पौडेल
दिपेश नेपाल

**खाद्यका लागि कृषि अभियान**
सचिवालय, खाद्य तथा कृषि समूह
बागडोल, ललितपुर, फोन: ०१-५१५१०६२, ५१५०१४४
इमेल: agricultureforfood@gmail.com



असोज २०८१

**कम्प्युटर**: सञ्जीववीर बज्राचार्य

**सन्दर्भ**
पौडेल, सृजना र नेपाल, दिपेश । २०८१ । नेपालमा खाना र खेतीपाती: वासलात २०८१ । खाद्यका लागि कृषि अभियान । काठमाडौं, नेपाल ।

# हाम्रो भनाई

## विश्व खाद्य दिवस, २०८१

खाद्यका लागि कृषि अभियान नेपालमा खानाका लागि खेतीपातीको महत्वबारे जनचेतना बढाउन नीतिगत बहस, अभियान सचेतनाका कार्यक्रमका माध्यमबाट प्रभावकारी नीतिगत उपायहरू तर्जुमा गर्नका लागि नीति निर्माताहरूलाई दबाब सिर्जना गर्न आम जनता, किसानहरू र खेतीपातीमा संलग्न समुदायहरूको सामूहिक आवाज उठाउने मंच हो । यसले सबै साझेदारका साझा दृष्टिकोणका आधारमा प्रथामिक सवालहरू उठाउनु, अभ्यासकर्ताहरूको अनुभव आदानप्रदान गर्नु, र विषयगत क्षेत्रहरूमा रहेका नीतिगत मुद्दाहरू र समस्याहरूको बारेमा जनस्तरमा बहस गर्ने गर्छ ।

खाद्यका लागि कृषि अभियानले नेपालको खाना र खेतीपातीमा आएको फेरबदलको आधारमा कृषि क्षेत्रका बृहत विषयहरूमा आलोचनात्मक चेत बढाउदै कृषि क्षेत्र उन्नत बनाउन सबै तहमा रचनात्मक दबाव दिने गरी हरेक वर्ष खाना र खेतीपातीको वासलात तयार गरी सार्वजनिक गर्दै आएको छ । यो पुस्तिकामा उपलब्ध तथ्यगत विवरणका प्रस्तुतिलाई एकै ठाउँमा ल्याई संक्षेपमा तयार गरी वार्षिक रूपमा सार्वजनिक गरिदै आएको छ । अभियानका लागि सचिवालयले तयार पारेको यस मस्यौदा पुस्तिकामा खाना र खेतीपातीका विभिन्न आयामहरूको वासलात, २०८१ प्रस्तुत गरिएको छ ।

### यसमा प्रस्तुत विवरणको सार यस प्रकार रहेको छः

नेपालको खेती प्रणाली र यसको प्रर्वद्धन मुलतः हरित कान्ति कृषिका मापदण्डमा आधारित छ । अर्को अर्थमा रसायन र विषादीमा आधारित छ । यसले समग्र खानेकुरा विषाक्त भएको छ । नेपाल सरकारले प्रत्येक वर्ष रसायनिक मल आयातका लागि ठूलो बजेट छुट्याउने गर्दछ । आर्थिक वर्ष २०८०/८१ मा ३६.४४ अर्बको रसायनिक मल र ११८४ टन विषादी आयात भएको छ । यो नै सबैभन्दा धेरै रसायनिक मल आयात गर्न गरिएको खर्च हो । २०८१/८२ मा पनि सरकारले मल खरिद र वितरणको लागि २७.९ अर्ब रुपैयाँ छुट्याएको छ । आ.व. २०६७/६८ देखि आ.व. २०८०/८१ को अवधीमा रसायनिक मलको आयात ६.५ गुणाले बढेको छ । प्रत्येक वर्ष १० देखि २० प्रतिशतले विषादीको प्रयोग बढीरहेको देखिन्छ । यी रसायन र विषादीको प्रभावले माटो र मानिसको स्वास्थ्यमा प्रतिकुल असर परेको छ ।

एकिकृत खेतीप्रणाली नै नेपालको परम्परागत रूपमा अभ्यास हुँदै आएको खेती प्रणाली हो । धेरै स्थानमा यो खेती संस्कृतिमा परिवर्तन आउँदै गरेको भएतापनि अझै पनि सडक सञ्जाल नपुगेको ग्रामीण क्षेत्रमा कृत्रिम रसायन र विषादीरहित खेतीपाती गर्ने अभ्यास छ । केही बाली र ठाउँमा मात्र प्रमाणित प्राङगारिक खेती गर्ने गरिन्छ । तर यो प्राङ्गारिक खेती कफी, अदुवा, चिया र अलैची जस्ता निर्यात हुने बस्तुहरुमा मात्र सीमित छ । वि.स. २०७५ मा नेपाल सरकारले प्राङ्गारिक प्रर्बद्वनको अध्ययन गर्न कार्यदल बनाएको थियो तर यसका सुझाबलाई कार्यान्वयन गर्न धेरै पहल हुन सकेको छैन ।

उपलब्ध तथ्याकंको आधारमा हाम्रो खाना र खेतीपाती निरन्तर कमजोर हुँदै गएको छ । कृषि र वनको २०७०/७१ मा ३२.६१ प्रतिशतको योगदान रहेकोमा २०७९/८० मा २४.१ प्रतिशतमा झरेको छ । यसले कृषि क्षेत्रको योगदान घटिरहेको देखाउँछ । यो खाद्यान्न लगायत सबै कृषि उपजमा देखिन्छ । उत्पादनका हिसाबले खाद्यान्न बालीको हिस्सा सवैभन्दा बढि रहेको छ । जसमा धान पछि क्रमश मकै, गहुँ, कोदो, जौ र फापरको उत्पादन भएको तथ्याङ्कले देखाउँछ । उत्पादन क्षेत्रको आधारमा खाद्यान्न बाली पछि दोश्रो स्थानमा दलहन बाली पर्दछ । सँगै, नेपालमा नगदे बालीको उत्पादन क्षेत्र भने बढ्दै गइरहेको छ । समग्रमा, खाद्यान्न बालीको

कुल क्षेत्रमा ह्रास आएको छ भने नगदेबालीको उत्पादन क्षेत्रमा केही वृद्धि भएको छ ।

यसैगरी, नेपालमा आर्थिक वर्ष २०७९/८० मा खाद्यान्नको उत्पादन १ करोर ९ लाख मेट्रिक टन रहेको छ । यो अघिल्लो आर्थिक वर्ष भन्दा १.८ प्रतिशतले बढि देखिन्छ । उत्पादनको हिस्सामा धानबालीले मात्र आर्थिक वर्ष २०७९/८० मा ५०.३० प्रतिशत ओगटेको छ भने मकैबालीले २७.२२ प्रतिशत र गहुँ बालीले १९.२४ प्रतिशत ओगटेको छ । सोही आ.व.मा ४५.७९ अर्बको खाद्यान्न भारत तथा अन्य मुलुकबाट आयात भएको छ। यो आयात थाम्न नेपालबाट प्रत्येक दिन औसतमा १,४०० नेपाली युवा रोजगारीको लागि विदेशिने गरेका छन । जसका कारण खेतीपातीमा नकरात्मक प्रभाव परेको छ भने राज्यमानै रोजगारीको पर्याप्त सुविधा नहुँदा लाखौ युवा विदेशिदै गर्दा विप्रेषणको आकार भने बढ्दै गएको छ ।

वैदेशिक रोजगारमा गएका मध्य ८० प्रतिशत भन्दा बढी पुरुष भएका कारण कृषि पेशामा महिलाकरण बढिरहेको छ। २०४८ मा ८१.२ प्रतिशत जनसङ्ख्या कृषि पेशामा आबद्ध भएकोमा, २०७८ मा प्रतिशतमा झरेको ५७.३ छ। रोजगारीका अन्य क्षेत्रहरूको विकास, वैदेशिक रोजगारीको अवसर आदि जस्ता कारणले कृषिमा आश्रित जनसङ्ख्या घटेको हो ।

कृषि चलनको जग्गाको आकार ०.५५ हेक्टर रहेको छ। पुरुष भन्दा महिलाको कृषिमा आबद्ध जनसंख्या धेरै भएतापनि ९ प्रतिशत महिलाको मात्र भूमिमा स्वामित्व देखिन्छ। नेपालमा ६६,६६,९३७ कुल घरधुरी मध्य १,१५,५३६ घरधुरी भूमिहीन छन् । जमिनको खण्डीकरण बढ्दै गईरहेको छ । जनगणना वर्ष २०७८ सम्म जमिनको कुल कित्ताको सङ्ख्या १,१४,३९,१०० रहेको छ ।

कृषि क्षेत्रको दिर्घकालिन विकासको उद्देश्य राखेर नीति, योजना तथा रणनीतिहरू बन्ने गरेका छन् । पछिल्लो पटक सन् २०१४ मा सन् २०१५ देखि ३५ सम्मका लागि २० वर्षे कृषि विकास रणनीति तयार गरिएको थियो । यस बाहेक विभिन्न विषयगत नीतिहरू बनेका छन् ।

राष्ट्रिय योजना आयोगले यिनै नीति तथा रणनीति भित्र रहेर कृषि क्षेत्रको आवधिक योजना प्रस्तुत गर्ने गर्दछ । यही नीतिभित्र रहेर सरकारले वार्षिक कार्यक्रम र बजेट बनाउने गरेको छ। तर यी कार्यक्रम र बजेटले यस्ता नीतिको कार्यान्वयनका लागि उपयुक्त कार्यक्रम तथा सो अनुसारको बजेटको व्यवस्था गर्न सकेको देखिदैन । उदाहरणका लागि, २०७४ को निर्वाचनबाट बनेको सरकारले प्राङ्गारिक कृषिमा जोड दिने प्रस्ताव गरेतापनि यसका लागि न्यूनतम बजेट र कार्यक्रम समेत प्रथामिकतामा परेको देखिदैन। २०७६/७७ मा बनेको पन्चवर्षिय योजनामा कृषि क्षेत्रलाई ८.७७ प्रतिशत बजेट आवश्यक पर्ने भनिएपनि सरकारले कृषि क्षेत्रमा औसत २.५ प्रतिशत मात्रै बजेट छुट्टाएको छ ।

अन्त्यमा, यो विवरणलाई मस्यौदाकै रूपमा मात्र प्रस्तुत गरिएको हुँदा यसमा केही त्रुटि रहेका छन् । यहाँहरूका अमुल्य सुझाबहरूका आधारमा यसलाई परिष्कृत गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछौं। यो तयार गर्न सघाउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चहान्छौं। यस कार्यको समिक्षा गरी सम्पादन कार्यमा सहयोग तथा सुझाब दिनुहुने कृष्ण प्रसाद पौडेल, सरोज खतिवडा, सुजता तामाङ, सारदा थापा, जीवन शाही, सिन्द्रेला देवान तथा संजीबवीर बज्राचार्यलाई विशेष धन्यवाद छ ।

सम्पादन समूह

सचिवालय,

खाद्यका लागि कृषि अभियान, काठमाण्डौं

# विषयसूची


कृषि उत्पादनको अवस्था ........ १
खाद्यान्न अवस्थाको सन्तुलन ........ ८
माटो र मानव स्वास्थ्यको अवस्था ........ १२
बसाइसराइ र महिलाकरण ........ १५
भू-उपयोगको अवस्था ........ १७
कृषि नीति र योजनाको अवस्था ........ २०
प्रकृतिमैत्री खेतीको अवस्था ........ २१

# तालिका


तालिका १ : कुल ग्रार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) २
तालिका २ : कृषि उपजको उत्पादन अवस्था (आ.व. २०७९/८०) २
तालिका ३: पशुपालनको अवस्था (आ.व. २०७९/८०) ३
तलिका ४ : कुल बीउबिजन वितरण ४
तालिका ५ : मुख्य रसायनिक मल वितरणको अवस्था ४
तलिका ६ : कृषि निर्यातको अवस्था १०
तलिका ७ : कृषि आयातको अवस्था १०
तालिका ८ : कृषि र जमिन सम्बन्धी तथ्याङ्कहरू १८
तालिका ९ : भू-स्वामित्वको अवस्था १९


# चित्र


चित्र १: पशुजन्य उत्पादन ३
चित्र २ : कुल खाद्यबाली क्षेत्रफल ५
चित्र ३ : कुल खाद्यबाली उत्पादन ५
चित्र ४ : कुल दलहन बालीको क्षेत्रफल ६
चित्र ५ : कुल दलहन बालीको उत्पादन ६
चित्र ६ : कुल नगदे बाली क्षेत्रफल ७
चित्र ७ : कुल नगदेबाली उत्पादन ७
चित्र ८ : कृषि उपजको आयात निर्यातको अवस्था ९
चित्र ९ : खाद्यान्न बालीको आयातको अवस्था ९
चित्र १० : कुपोषणका सुचांक ११
चित्र ११ : विषादी र किटनाशक आयातको अवस्था १३
चित्र १२ : विषादी उपभोगको अवस्था १३
चित्र १३ : रसायनिक मल आयातको अवस्था १४
चित्र १४ : विप्रेषण र कुल गार्हस्थ उत्पादनमा विप्रेषण १६
चित्र १५ : कृषिमा सम्लग्न जनसङ्ख्याको लैङ्गिक अवस्था १६
चित्र १६ : कृषि रोजगारीको अवस्था १८
चित्र १७ : आवधिक योजनामा कृषि बजेट २१
चित्र १८ : राष्ट्रिय बजेटमा कृषि क्षेत्रको हिस्सा २१

# कृषि उत्पादनको अवस्था

आर्थिक वर्ष २०७९/८० सालमा नेपालको कुल ग्रार्हस्थ उत्पादन ४६.९६ अर्ब रहेको छ, जसमध्य २४.१ प्रतिशत हिस्सा कृषि र वनको रहेको छ। कृषि उपजहरू मध्य ३४.८६ लाख हेक्टरमा खाद्यान्न बाली र २.६० लाख हेक्टरमा तेलहन बाली लगाइएको पाइएको छ। उत्पादनको आधारमा पनि खाद्यान्न बाली अगाडी नै देखिएको छ।



## तालिका १ : कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा)

| कुल गार्हस्थ उत्पादन (आ.व.२०७९/८०) | | |
|---|---|---|
| क्षेत्र | (मूल्य करोड) | प्रतिशत |
| कृषि, वन र मत्स्यपालन | ११३२७५१.९ | २४.१ |
| गैर कृषि | ३५६३७४३ | ७५.९ |
| कुल | ४६९६४९४.९ | १०० |

*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

पछिल्ला आर्थिक वर्षहरूमा कृषि र वन क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान घट्दै गईरहेको छ । २०७०/७१ मा ३२.६१ प्रतिशतको योगदान रहेकोमा पछिल्ला आर्थिक वर्षहरूमा घट्दै गईरहेको छ । हाल कृषि क्षेत्रको गार्हस्थ उत्पादन २४.१ प्रतिशतमा झरेको छ ।

## तालिका २ : कृषि उपजको उत्पादन अवस्था (आ.व. २०७९/८०)

| कृषि उपजको उत्पादन अवस्था (आ.व. २०७९/८०) | | | |
|---|---|---|---|
| कृषि उपज | क्षेत्रफल (हेक्टर) | उत्पादन (टन) | उत्पादकत्व (टन/हेक्टर) |
| खाद्यान्न बाली | ३३,४३,२३५ | १,०९,०६,०१४ | ३.२६ |
| तेलबाली | २,६३,५०० | २,९५,४७२ | १.१२ |
| आलु | २,०३,८१२ | ३४,७२,२०७ | १७.०३ |
| रबर | ४०२ | १९४ | ०.४८ |
| उखु | ६२८३३ | ३१,३०,१०९ | ४९.८१ |
| जुट | ७,२२० | १०,२०५ | १.४१ |
| कपास | ६० | ६५ | १.०८ |
| दलहन | २,९६,२५७ | ३,४०,२०६ | १.१४ |
| फलफूल | १,३९,२०३ | १५,२७,७०० | १०.९७ |
| तरकारी | ३,०२,१३५ | ४३,७६,०७७ | १४.४८ |
| चिया | २०,२३७ | २६,३७९ | १.३० |
| कफि | ३६५९ | ३९४.४ | ०.१० |
| खुर्सानी | ११,३४९ | ८६,९९२ | ७.६६ |
| अलैंची | १५,९७९ | ८,६७४ | ०.५४ |
| अदुवा | २३,८२९ | ३,०९,५३३ | १२.९८ |
| लसुन | ९,५७० | ७३,५६७, | ७.६८ |
| बेसार | ९,०२२ | ९०,४२८ | १०.०२ |
| मौरीको घार सङ्ख्या | २,४५,०१० | ४,३०८ | ०.०१ |

*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

नेपालमा कृषि उपजहरू मध्य उत्पादनका हिसाबले खाद्यान्न बालीको हिस्सा सबैभन्दा धेरै रहेको छ । खाद्यान्न बालीहरू मध्य पनि धानको क्षेत्रफल र उत्पादन सबैभन्दा धेरै रहेको छ । धानबाली पछि दोस्रो स्थान दलहन बाली रहेको छ ।

## तालिका ३: पशुपालनको अवस्था (आ.व. २०७९/८०)

| पशुपालनको अवस्था (आ.व. २०७९/८०) | |
|---|---|
| पशुपंक्षी | सङ्ख्या |
| गाई | ७४,५०,३२९ |
| भैंसी | ३०,८१,०६२ |
| भेडा | ५,०१,८४९ |
| बाख्रा | १४,५४,१२४४ |
| सुँगुर | १३,५७,५०७ |
| कुखुरा | ६,५२,०५,२५० |
| हाँस | १३,२५,९९९ |
| खरायो | ४३,२३६ |
| घोडा | १७,३३२ |
| चौंरी/याक | ५३,१९५ |

*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

नेपालमा हाल कुल गाई र भैंसीको सङ्ख्या करिब १,०५,३१,३९१ वटा रहेको छ। विश्व स्वास्थ्य संगठनको तथ्याङ्कलाई आधार मान्ने हो भने एउटा परिपक्क बस्तुभाउले १ वर्षमा २९ के.जी. नाईट्रोजन उत्पादन गर्न सक्छ। भकारो सुधार र मल व्यवस्थापन प्रविधिलाई अवलम्बन गर्ने हो भने यी बस्तुभाउबाट १ वर्षमा करिब ३,०५,४१०,३३९ टन नाईट्रोजन उत्पादन गर्न सकिन्छ। यो तथ्याङ्क तुलना गर्दा आ.व. २०७८/७९ मा वितरण गरिएको युरिया र डि.ए.पी बाट प्राप्त नाईट्रोजन भन्दा २.८० गुणा बढी हो।




## चित्र १ : पशुजन्य उत्पादन (आ.व. २०७९/८०)

*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

नेपालमा आर्थिक वर्ष २०७९/८० मा दुधजन्य पदार्थको उत्पादन २ करोड ५६ लाख टन रहेको छ। यो अघिल्लो आर्थिक वर्ष भन्दा १.९५ प्रतिशतले बढी देखिन्छ। सरकारले आ.व. २०७८/७९ मा दुधजन्य पदार्थ र अण्डामा आत्मनिर्भर भएको घोषणा गरेको थियो।

## तलिका ४ : कुल बीउबिजन वितरण

| कुल बीउबिजन वितरण (आ.व.२०७८/७९) | | | |
|---|---|---|---|
| क्षेत्र | आवश्यक कुल बीउबिजन (टनमा) | कुल बीउबिजन वितरण (टनमा) | बीउबिजन प्रतिस्थापन दर |
| धान | ६९,२६३ | १९,३०४ | २७.८७ |
| मकै | २४,६३९ | ३,४०७ | १३.८३ |
| गहुँ | ८६,०३७ | १८,९२५ | २२.०० |
| मुसुरो | ७,९३८ | ४४९ | ५.६६ |
| तोरी | २,६०६ | ३३९ | १३.०१ |

*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८०*

आर्थिक वर्ष २०७८/७९ मा खाद्यान्नको १७९,९३९ टन खाद्यान्नको बीउ आवश्यक भएतापनि ४१,६३६ टन बीउ मात्र वितरण भएको छ।

## तालिका ५ : मुख्य रसायनिक मल वितरणको अवस्था

| रसायनिक मल वितरण (आ.व.२०७९/८०) | |
|---|---|
| रसायनिक मल | विवरण (टन) |
| युरिया | २२६१४७.९३ |
| डि.ए.पी | ११०११९.८० |
| पोटास | ६४५४.८५ |

*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

नेपालमा सबैभन्दा धेरै युरिया मल आयात र खपत हुने गर्दछ। आर्थिक वर्ष २०७९/८० मा २२६१४७.९३ टन युरिया वितरण भयो भने ११०११९.८० टन डि.ए.पी र ६४५४.८५ टन पोटास वितरण भयो। नेपाल सरकारले हरेक वर्ष अर्बौं रूपैयाँको मल खरिद गरी अनुदानमा बिक्री वितरण गर्दै आईरहेको छ। आर्थिक वर्ष २०८०/८१ मा पनि सरकारले मल खरिद र वितरणको लागि ३० अर्ब रूपैयाँ छुट्टाएको थियो। त्यस्तै आ.व. २०८१/८२ मा मल व्यवस्थापनका लागि २७.९५ अर्ब छुट्याएको छ।

**आर्थिक वर्ष २०७८/७९ मा ३६.४४ अर्बको रसायनिक मल आयात भयो र यसबाट २,२७,८३६ टन रसायनिक मल खेतबारी तथा पशुपंक्षीमा प्रयोग भएको छ।**

***स्रोत: भन्सार विभाग, २०८१***

## चित्र २ : कुल खाद्यान्न बाली क्षेत्रफल




*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

खाद्यान्न बाली मध्य सबैभन्दा धेरै क्षेत्रफलमा धान लगाउने गरिन्छ। धान पछि कमश मकै, गहुँ, कोदो, जौ र फापर लगाइन्छ। पछिल्लो १० वर्षमा गहुँको उत्पादन क्षेत्रमा केहि ह्रस आएको छ भने मकैको उत्पादन क्षेत्रमा केहि वृद्धि भएको देखिन्छ।

## चित्र ३ : कुल खाद्यान्न बाली उत्पादन




*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

नेपालमा धान सबैभन्दा धेरै उत्पादन हुने खाद्यान्न बाली हो। त्यसपछि कमश मकै, गहुँ, कोदो, जौ र फापरको उत्पादन हुने गर्दछ। मौसमी खाद्यान्न बाली बर्षामा बढी निर्भर भएकाले उत्पादनमा उतारचडाव हुने गर्दछ।

### चित्र ४ : कुल दलहन बालीको क्षेत्रफल




*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

उत्पादन क्षेत्रको हिसाबले खाद्यान्न बाली पछि दोश्रो स्थानमा दलहन बाली पर्दछ । दलहनको मुख्य हिस्सा मुसुरोले ओगटेको छ । मुसुरो पछि चना, रहर धेरै क्षेत्रफलमा लगाइन्छ । विगत ११ वर्षमा दलहन बालीको उत्पादन क्षेत्रमा खासै परिवर्तन भएको देखिँदैन ।

### चित्र ५ : कुल दलहन बालीको उत्पादन




*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

नेपालमा दलहन बालीको उत्पादन हेर्दा मुसुरोको उत्पादन अरू दलहन बालीको भन्दा धेरै मात्रामा रहेको छ । मुसुरो पछि चना र रहरको उत्पादन हुने गर्दछ । विगत ११ वर्षका उत्पादन हेर्दा मुसुरोको उत्पादनमा केही वृद्धि भएको देखिछ ।

### चित्र ६ : कुल नगदे बाली क्षेत्रफल




*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

नेपालमा नगदे बालीको उत्पादन क्षेत्र बढ्दै गईरहेको छ । विगत ११ वर्षमा तेलहनको उत्पादन क्षेत्रमा उल्लेखनिय बृद्धि भएको छ । अन्य नगदे बालीहरू आलु, जुट र उखुको क्षेत्रफलमा सामान्य उतारचढाब देखिन्छ भने कपास उत्पादनको क्षेत्रफल निरन्तर घट्दै गईरहेको छ ।

### चित्र ७ : कुल नगदे बाली उत्पादन




*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०८१*

क्षेत्रफलको हिसाबले तेलहनको क्षेत्रफल बढी भएतापनि उत्पादनको हिसाबले उखु अगाडि देखिन्छ । आलुको उत्पादनमा उतारचढाब देखिएपनि औसतमा आलुको उत्पादन बढेको देखिन्छ । अन्य नगदे बालीहरूमा जुट र कपासको उत्पादनमा कमी आएको छ भने तेलहनको उत्पादनमा सामान्य वृद्धि भएको देखिन्छ ।

# खाद्यान्न अवस्थाको सन्तुलन

बढ्दो जनसङ्ख्या, जनशक्तिको अभाव , माटोको उर्वराशक्तिमा आएको ह्रास, बदलिएको खाद्य संस्कृतिले खानाको वासलात सन्तुलन खलबलिएको छ । आर्थिक वर्ष २०८०/८१ मा २४१.२६ अर्बको कृषि उपजहरू आयात गरिएको छ । यसमध्य ४५.७९ अर्ब खाद्यान्न आयातमा खर्च भएको देखिन्छ । नेपालको कुल ग्रार्हस्थ उत्पादनको करिब ३४.३१ प्रतिशत खानामा खर्च भएको छ जसमा खाना आयात गर्न मात्रै ७.३७ प्रतिशत बाहिरिएको छ ।



### चित्र ८ : कृषि उपजको आयात निर्यातको अवस्था




*स्रोत: भन्सार विभाग, २०८१*

कृषि उपजको आयात हरेक वर्ष बढ्दो छ । पछिल्लो १० वर्षमा कृषि उपजको आयात ४ गुणाले बढेको देखिन्छ । कृषि उपजको निर्यातमा पनि वृद्धि भएतापनि आयातका तुलनामा ३ देखि ४ गुणा कम रहेको छ ।

### चित्र ९: खाद्यान्न बालीको आयातको अवस्था




*स्रोत: भन्सार विभाग, २०८१*

कृषि आयात मध्य खाद्यान्न बालीको हिस्सा प्रमुख रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा मात्रै ४५.७९ अर्बको खाद्यान्न आयात भएको देखिन्छ । नेपालमा उत्पादनको हिसाबले खाद्यान्न बाली प्रमुख भएतापनि वर्षेनी अर्बौंको खाद्यान्न बाली आयात भईरहेको छ । १० वर्षको अन्तरालमा खाद्यान्नको आयात करिब ३.५६ गुणाले वृद्धि भएको देखिन्छ ।

## तालिका ६ : कृषि निर्यातको अवस्था

| कृषि निर्यात (आ.व. २०८०/८१) | |
|---|---|
| कृषि उपज | मूल्य (अर्बमा) |
| पाल्म तेल | ६.३३ |
| सोयाबिन तेल | ०.९० |
| सुर्यमुखि तेल | ०.१६ |
| अलैची | ७.९४ |
| जुट | ७.०४ |
| चिया | ३.६२ |
| जुस | ८.७१ |
| जडिबुटी | २.२५ |
| मुसुरो | ०.५६ |
| अदुवा | १.१७ |
| अम्रिसो | १.३२ |
| चउचाउ र पास्ता | १.९६ |

*स्रोत: भन्सार विभाग, २०८१*

मसलाबाली, जडिबुटी, चिया र मुसुरो लगायतका कृषि उपज नेपालबाट निर्यात हुने मुख्य उपजहरू हुन। केहि वर्षयता नेपालबाट पाल्म तेल र भटमासको तेलको निर्यात एकदमै बढेको पाइएको छ। नेपालमा पाल्मको उत्पादन हुँदैन भने भटमासको उत्पादन पनि नगन्य मात्रामा हुने गरेको छ। यस्तो अवस्थामा, विदेशबाट आयातित पाल्म र भटमासलाई प्रशोधन गरी निर्यात गरिने हुँदा यी उपजहरूको निर्यातको मात्रा बढेको देखिन्छ।

## तलिका ७ : कृषि आयातको अवस्था

| कृषि आयातको अवस्था (आ.व. २०८०/८१ | |
|---|---|
| कृषि उपज | मूल्य (अर्ब) |
| खाद्यान्न बाली | ४५.७९ |
| तेलजन्य पदार्थ | ४१.८३ |
| दलहन | १५.१९ |
| तरकारी | १.९७ |
| फलफूल | १९.५४ |
| आलु | ६.४५ |
| प्याज र लसुन | ४.४६ |

*स्रोत: भन्सार विभाग, २०८१*

आर्थिक वर्ष २०८०/८१ मा मात्रै करिब २४१.२६ अर्बको कृषि उपजको आयात भएको छ। कृषि उपज मध्यपनि खाद्यान्न बाली र तेलजन्य पदार्थले आयातको ३६.३१ प्रतिशत हिस्सा ओगटेका छन्। यी सँगै तरकारी, दलहन, फलफूल र मसलाको पनि अर्बौंको आयात हुँदै आएको छ।

### चित्र १० : कुपोषणका सुचकांकहरू




*स्रोत: राष्ट्रिय योजना आयोग, २०७८ र नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली, २०७८*

सन् २०१९ को तथ्याङ्कलाई हेर्ने हो भने ३९ प्रतिशत नेपालीको दैनिक आम्दानी ३.२ अमेरिकी डलर रहेको छ। यसमध्य ८ प्रतिशत मानिसहरूमा चरम गरिबी रहेको देखिन्छ। एक तथ्याङ्कका अनुसार उनीहरूको औसत दैनिक आम्दानी १.९० अमेरिकी डलर मात्र रहेको छ। नेपालको सन् २०२० को अन्तर्राष्ट्रिय भोकमरी सुचकांक १९.५ रहेको छ जसलाई भोकमरीको  मध्यम अवस्था भन्ने पनि बुझिन्छ।

# माटो र मानव स्वास्थ्यको अवस्था

नेपालको कुल जमिनको क्षेत्रफल मध्य ७७ प्रतिशत पहाड र हिमाली भेगले ओगटेको छ। कुल भू-भागको दुई तिहाइ भाग भूबनोटको हिसाबले कमजोर अवस्थामा रहेको छ। बाढी, पहिरो लगायत भू-क्षयको कारणले वर्षेनी लगभग ८७ प्रतिशता माथिल्लो सतहको मलिलो माटो बगेर जाने हुनाले माटोको उर्वराशक्ति घट्दै गईरहेको छ। विषादी र रसायनिक मलको आयात बढ्दो छ। जथाभाबी विषादी र रसायनिक मलको प्रयोगले माटो सँगसँगै मानव स्वास्थमा पनि नकरात्मक असर बढ्दै गईरहेको देखिन्छ। सरकारले वर्षेनी अर्बौं रुपैयाँ खर्च गरेर अनुदानमा वितरण गरेको रसायनिक मलको प्रयोग र वितरणको मात्रामा अनुगमन नहुँदा माटोमा अम्लियपन बढ्दो छ। यहाँ रसायनिक मल र विषादीको आयातसँगसँगै विषादी उपभोगका आवधिक चित्रहरु प्रस्तुत गरिएका छन्।



## चित्र ११ : विषादी र किटनाशक आयातको अवस्था




*स्रोत: प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, २०८०*

## चित्र १२ : विषादी उपभोगको अवस्था




*स्रोत: प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, २०७८*

रसायनिक विषादीको प्रयोग हरेक वर्ष बढ्दै गईरहेको देखिन्छ। विभिन्न विषादीहरू मध्य किटनाशको विषादीको प्रयोग उच्च रहेको छ। प्रत्येक वर्ष १० देखि २० प्रतिशतले विषादीको प्रयोग बढीरहेको देखिन्छ। अहिले विषादीको औसत प्रयोग ३९६ ग्राम प्रति हेक्टर रहेको छ। विषादीको बढ्दो प्रयोगसँगै मानिसहरूको स्वास्थ्यमा समेत नकारात्मक असर देखिएका छन्। क्यान्सर, उच्च रक्तचाप, बाँझोपन, आणुवांशिक विकार, बान्ता हुने, झाडापखाला लाग्ने, पेट दुख्ने, र रोग प्रतिरोधात्मक क्षमता घट्ने जस्ता जटिल स्वास्थ्य समस्याहरू बढ्दै गएका छन्।

### चित्र १३ : रसायनिक मल आयातको अवस्था




*स्रोत : भन्सार विभाग, २०८१*

रसायनिक विषादी जस्तै रसायनिक मलको आयात पनि हरेक वर्ष बढ्दै गईरहेको छ । नेपाल सरकारले प्रत्येक वर्ष रसायनिक मल आयातका लागि ठूलो हिस्सामा बजेट छुट्याउने गर्दछ । आ.व. २०८०/८१ मा ३६.४४ अर्बको रसायनिक मल आयात गरिएको छ । आ.व. २०८१/८२ को सरकारी बजेटमा २७.९५ अर्ब मल खरिदको लागि छुट्याइएको छ । आ.व. २०६७/६८ देखि आ.व. २०८०/८१ को अवधीमा रसायनिक मलको आयात ६.५ गुणाले बढेको देखिन्छ ।



## बसाइसराइ र महिलाकरण

नेपालबाट प्रत्येक दिन औसतमा १,४०० नेपाली युवा रोजगारीकोलागि विदेशिने गरेको तथ्याङ्कले देखाउँछ। वैदेशिक रोजगारमा गएका मध्य ८० प्रतिशत भन्दा बढी पुरुष रहेका छन् जसका कारण कृषि पेशामा महिलाकरण बढिरहेको छ। राष्ट्रिय जनगणना वर्षहरुको तथ्याङ्क हेर्दा, कृषि पेशामा आवद्ध जनसङ्ख्या घटिरहेपनि महिलाको सम्लग्नतामा वृद्धि भएको देख्न सकिन्छ। वि.सं २०७८ मा भएको जनगणना अनुसार कृषि पेशामा ५०.६ प्रतिशत पुरुष आबद्ध छन भने ६४.८ प्रतिशत महिला आबद्ध छन्।

### चित्र १४ : विप्रेषण र कुल गार्हस्थ उत्पादनमा विप्रेषण




*स्रोत: अर्थ मन्त्रालय २०८१, राष्ट्र बैंक २०८१ र बैदेशिक रोजगार विभाग २०८१*

राज्यमा नै रोजगारीको पर्याप्त सुबिधा नहुँदा लाखौं युवा विदेशिदै गर्दा विप्रेषणको आकार पनि बढ्दै गएको देख्न सकिन्छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ उत्पादनको २२.८ प्रतिशत हिस्सा ओगटेको विप्रेषण नेपालको आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको छ। राष्ट्रिय तथ्याङ्क विभाग २०६८ को सर्वेक्षण अनुसार प्राथमिक लगानी क्षेत्रमा कुल विप्रेषणको २.४ प्रतिशत खर्च भएको र घरयासी खर्चमा ७८.९ प्रतिशत खर्च भएको देखिएको छ।

### चित्र १५ : कृषिमा संम्लग्न जनसङ्ख्याको लैङ्गिक अवस्था




*स्रोत: राष्ट्रिय तथ्याङ्क विभाग, २०७८*

राष्ट्रिय जनगणनाको तत्थाङ्क अनुसार २०४८ सालमा कृषि पेशामा आबद्ध जनसंख्या ८१.२ प्रतिशत रहेकोमा २०७८ साल (पछिल्लो जनगणना) आइपुग्दा ५७.३ प्रतिशतमा घटेको छ। रोजगारीका अन्य क्षेत्रहरूको विकास, वैदेशिक रोजगारीको अवसर आदि जस्ता कारणले कृषिमा आश्रित जनसङ्ख्या घटेको हो।

# भू-उपयोगको अवस्था

नेपालमा कुल भू-भाग मध्य २८ प्रतिशत जमिन खेतीयोग्य जमिन रहेको छ । २८ प्रतिशत जमिनमध्य २१ प्रतिशत जमिनमा खेती गरिएको छ भने ७ प्रतिशत प्रयोगमा आएको छैन । नेपालमा १,३१,०५४ घरधुरी भूमिहीन छन् । नेपालमा कृषिचलनको सरदर क्षेत्रफल ०.५५ हेक्टर रहेको छ । पुरुष भन्दा महिलाको कृषिमा आबद्ध जनसंख्या धेरै भएतापनि ३२.४ प्रतिशत महिला मात्र घरमुली रहेका र कृषिमा निर्णय गरेको देखिन्छ ।



चित्र १६: नेपालमा भू-उपयोगको अवस्था




*स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८*

## तालिका ८ : कृषि र जमिन सम्बन्धित तथ्याङ्कहरू

| कृषि र जमिन सम्बन्धित तथ्याङ्क | |
|---|---|
| वितरण | घरधुरी |
| कुल घरधुरी | ६६,६६,९३७ |
| कृषिमा आधारित घरधुरी | ४१,३१,००० |
| कृषिमा संम्लग्न जनसङ्ख्या (प्रतिशतमा) | ६५.६० |
| कृषकको स्वामित्वमा भएको जमिन (हेक्टरमा) | ४१,३०,००० |
| भू-स्वामित्व भएका घरधुरी | ३९,९९,२८५ |
| भू-स्वामित्व नभएका घरधुरी | १,३१,०५४ |
| खेतीयोग्य जग्गा (हजार हेक्टरमा) | १८०३.८ |
| अस्थायी बालीले ओगटेको जग्गाको क्षेत्रफल (हजार हेक्टरमा) | १७३१ |
| अस्थायी बालीले लागेको जग्गाको क्षेत्रफल (हजार हेक्टरमा) | ३२९८.८ |
| सिंचित क्षेत्रफल (हजार हेक्टरमा) | १२०९.३ |
| परिवारको हकको जग्गामात्र कमाएको जग्गाको क्षेत्रफल (हजार हेक्टरमा) | १६९३.३ |
| अरुको हकको जग्गामात्र कमाएको जग्गाको क्षेत्रफल (हजार हेक्टरमा) | २८.५ |
| अन्य प्रकारको उपभोग अर्न्तगत (हजार हेक्टरमा) | २.२ |
| कृषिमा निर्णय गर्ने घरमुली महिला (प्रतिशतमा) | ३२.४ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क विभाग, २०७८*

## तालिका ९ : भू स्वामित्वको अवस्था

| भू स्वामित्वको अवस्था | | | | |
|---|---|---|---|---|
| वर्ष | २०४८/४९ | २०५८/५९ | २०६८/६९ | २०७८/७९ |
| कृषिचलनको क्षेत्रफल (१,००० हेक्टरमा) | २,५९९ | २,६५४ | २,५२५ | २,२१० |
| कृषिचलनको सरदर क्षेत्रफल (हेक्टरमा) | ०.९६ | ०.८ | ०.६८ | ०.५५ |
| कित्ता सङ्ख्या (हजारमा) | १०,८०६ | १०,९८७ | ११,९७९ | ११,४३९.१ |
| कृषिचलनमा सरदर कित्ता (प्रति स्वामित्व) | ४ | ३.३ | ३.२ | २.९ |
| कित्ताको सरदर क्षेत्रफल (हेक्टरमा) | ०.२४ | ०.२४ | ०.२१ | ०.१९ |
| कृषिचलन जग्गा (भएका) | २,७०४ | ३,३३७ | ३,७१६ | ३,९९९ |
| कृषिचलन (पशुपंछीमात्र भएका) | ३२ | २७ | ११५ | १३१.५ |
| कृषिचलन संख्या (हजारमा) | २,७३६ | ३,३६४ | ३,८३१ | ४१३०.८ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क विभाग, २०७८*

नेपालमा ६६,६६,९३७ कुल घरधुरी मध्य १,३१,०५४ घरधुरी भूमिहीन छन्। महिलाहरूको भूमिमाथिको पहुँच एकदमै न्यून रहेको छ। ९ प्रतिशत महिलाहरूसँग मात्रै भू-स्वामित्व रहेको छ। कृषिमा निर्णय गर्ने महिला १९.७ प्रतिशत बाट बढेर ३२.४ प्रतिशत पुगेको छ। जमिनको खण्डीकरण बढ्दै गईरहेको छ। जनगणना वर्ष २०७८ सम्म कुल कित्ताको सङ्ख्या १,१४,३९,१०० रहेको छ।




# कृषि नीति र योजनाको अवस्था

कृषि क्षेत्रलाई गति दिनको लागि समयकाल खण्डमा निश्चित उद्देश्य सहितका योजना, नीति तथा रणनीतिहरु बन्ने गरेका छन् । सन् २०१४ मा कृषि विकास रणनीति तयार गरिएको थियो । सन् २०१५ देखि ३५ सम्मका लागि कृषिका योजना, लक्ष्य र बाटो देखाउनको लागि कृषि विकास रणनीति तयार गरिएको हो । कृषि क्षेत्रमा, राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३, कृषि जैविक विविधता नीति २०६३, राष्ट्रिय चिया नीति २०५७, राष्ट्रिय कफि नीति २०६०, दुग्ध विकास नीति २०६४, राष्ट्रिय बीउबिजन नीति २०५६, राष्ट्रिय मल नीति २०५८, सिँचाइ नीति २०६०, पन्छीपालन नीति २०६८, खर्क नीति २०६८, पुष्प प्रवर्द्धन नीति २०६९, भू-उपयोग नीति २०७२, राष्ट्रिय सहकारी नीति २०६९, वाणिज्य नीति २०६५, जलवायु परिवर्तन नीति २०६७, औद्योगिक नीति २०६७, आपूर्ति नीति २०६९, विज्ञान तथा प्रविधि नीति २०६१ , जैविक प्रविधि नीति २०६३, राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय कृषि वन नीति २०७६,र राष्ट्रिय भूमि नीति २०७५  लगायत बनाइएका र प्रयोगमा ल्याइएमा छन् । राष्ट्रिय योजना आयोगले यिनै नीति तथा रणनीति भित्र रहेर कृषि क्षेत्रको योजना प्रस्तुत गर्ने गर्दछ । नीति र योजनामा कृषि क्षेत्रका विभिन्न आयामहरु समेटिएतापनि कार्यक्रमको क्षेत्रमा कृषिका कार्यक्रमहरुले स्थान नपाएको कुरा राष्ट्रिय बजेटमा कृषिको हिस्सा एकदमै कम हुनु र त्यहि हिस्सा पनि खुम्चिदै जानुले पनि प्रष्ट पार्दछ ।

## चित्र १७ : आवधिक योजनामा कृषि बजेट




*स्रोत: राष्ट्रिय योजना आयोग, २०७८*

## चित्र १८ : राष्ट्रिय बजेटमा कृषि क्षेत्रको हिस्सा




*स्रोत : अर्थ मन्त्रालय, २०८१*

नेपालमा कुल गार्हस्थ उत्पादनमा करिब एक तिहाइ योगदान रहेको र करिब दुई तिहाइ जनसङ्ख्या आबद्ध भएको कृषि क्षेत्र सरकारका कार्यक्रमहरूमा सँधै उपेक्षामा परेको देखिन्छ। २०७६/७७ मा बनेको पन्चवर्षिय योजनामा कृषि क्षेत्रलाई ८.७७ प्रतिशत बजेट आवश्यक पर्ने भनिएपनि सरकारले कृषि क्षेत्रमा औसत २.५ प्रतिशत मात्रै बजेट छुट्टाएको छ।



## प्रकृतिमैत्री खेतीको अवस्था

विश्वमा हुने कुल १.४ प्रतिशत प्राङ्गारिक खेती मध्य नेपालले ०.२३ प्रतिशत ओगटेको छ। नेपालको ९,३६१ हेक्टर जमिनमा प्राङगारिक खेती गर्ने गरिन्छ। नेपालमा प्राङ्गारिक खेती कफि, अदुवा, चिया र अलैची जस्ता निर्यात हुने बस्तुहरुमा मात्र सीमित छ। नेपालमा ठूलो संम्भावना बोकेको प्राङगारिक खेतीको अभ्यास भने एकदमै न्यून रहेको छ। उपयुक्त नीति र योजनाको अभावमा प्राङ्गारिक खेती अलमलमा  देखिन्छ। प्राङगारिक प्रमाणीकरणको प्रकृया अस्पष्ट र लामो भएकाले नितिगत रूपमै यसको सहजीकरण गर्न आवश्यक छ। नेपाल जलवायु परिवर्तको जोखिम देशहरुमा चौथो स्थानमा छ भने सन् १९९९ देखि २०१८ सम्ममा जलवायु परिवर्तनको असर भोग्ने नवौ राष्ट्र हो। हाम्रोमा जलवायु परिवर्तनको सबैभन्दा धेरै असर हिमाली क्षेत्रमा पर्न गएको छ।

**खाद्यका लागि कृषि अभियान**

सचिवालय

बागडोल, ललितपुर
०१-५१९१०६२, ५१९०१४४
इमेलः alliancefoodagri@gmail.com
वेभसाइटः **www.agricultureforfood.org**